का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १८, अंक १४०
९ साउन २०७७, शुक्रबार
24 July 2020, Friday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १८२४१ जना | १२८४० जना | ३३१०९५ | ५३५८ | ४३ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ५४ लाख ३३ हजार | ९४ लाख ३ हजार | ६ लाख ३१ हजार | ५३ लाख ९८ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# खतराको घण्टी

## ■राजधानी उपत्यकामा नौ संक्रमित थपिए ■दैलेखमा समुदाय स्तरमा संक्रमण, पर्सामा एक बृद्धको मृत्यु

**सरकारले १२० दिन लामो लकडाउन खोलेसँगै चहलपहल बढेको छ । तर, लकडाउन खुलेकै दिन राजधानी उपत्यकामा एकै दिन ९ जनामा संक्रमण देखिएको छ भने पर्सामा एक बृद्धको मृत्यु भयो भने दैलेखमा समुदाय स्तरमा संक्रमण देखिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन ।

लकडाउन खुलेको दोस्रो दिन नै राजधानी उपत्यकामा नौ जनामा संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको जानकारी अनुसार, काठमाडौंमा पाँच, ललितपुर र भक्तपुरमा दुई/दुई जनामा संक्रमण पुष्टि भएको हो । लामो समय यता एकै दिन राजधानी उपत्यकामा यति धेरै संख्यामा संक्रमण देखिएको हो ।

बिहीबार नै पर्सामा एक बृद्धको मृत्यु भएको छ भने १७ जनाको संक्रमित भेटिएका छन् । बीरगञ्ज महानगरपालिका-६ का ६० वर्षीय बृद्धको मृत्यु भएको हो । साउन ६ गते गण्डकी मेडिकल कलेजमा भर्ना भएका ती बृद्धको बुधबार मृत्यु भएको हो । उनको मृत्यु भएपछि मात्रै कोरोना रिपोर्ट आएको थियो । रिपोर्ट पोजिटिभ आएको मन्त्रालयले जनाएको छ । तर, ती बृद्ध अन्यत्र गएका थिएनन् भने बाहिरबाट आउनेको सम्पर्कमा समेत गएका थिएनन् ।

राजधानी उपत्यका र पर्सा पछाडि दैलेखको निषेधाज्ञा जारी गर्नुपर्ने अवस्थाले झनै अवस्था त्रासमय बनाएको छ । दैलेखको ठाटीकाँध गाउँपालिकामा गरिएको नमूना परीक्षणमा १६ जनामा संक्रमण पुष्टि भएको हो । नमूना रुपमा संकलन गरिएको स्वाब परीक्षण गर्दा १६ जनामा संक्रमण देखिएको हो । स्वास्थ्य मन्त्रालयले तयार पारेअनुरसार परीक्षणको दायरमा नपरेका ७३ जनाको स्वाब परीक्षण गरिएको थियो । त्यस मध्ये १६ जनामा कोरोना देखिएको छ । कोरोना देखिए पछि गाउँपालिकामा निषेधाज्ञा जारी गरिएको छ ।



*पहिरो खसेर सडक अवरूद्ध भएपछि बाटोमै स्वास्थ्यकर्मीको सहयोगमा छोरी जन्माएकी बडिगाड गाउँपालिका-१ मनिता घर्तीलाई थप उपचारका लागि धौलागिरि अस्पताल ल्याइँदै । तस्वीर : खेमराज गौतम*

**■थपिए १४७**

बुधबार फेरि मात्रै देशभर १४७ जनामा संक्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी प्रवक्ता डा जागेश्वर गौतमले पछिल्लो २४ घण्टामा देशभरका विभिन्न प्रयोगशालामा तीन हजार ४८१ जनाको नमूना परीक्षण गरिएको बताए । यो सँगै संक्रमित हुनेको संख्या १८ हजार २४१ पुगेको छ ।

मन्त्रालयले पाँच हजार ३५८ आइसोलेसनमा राखेर उपचार भइरहेको जनाएको छ । प्रदेशअनुसार सक्रिय संक्रमितको संख्या प्रदेश नं १ मा १२४, प्रदेश नं २ मा बाँकी पृष्ठ २ मा

# पूर्व डीआईजी कोइराला जेलमुक्त

## सरकारी वकिलले दर्ता गराए पुनरावेदन

**पत्नी गीता ढकाल हत्या आरोपमा जन्मकैदको सजाय सुनाइएका पूर्व डीआईजी रञ्जन कोइराला जेलमुक्त भएका छन् । सर्वोच्चले कैद सजाय घटाउँदै ८ वर्ष ६ महीनामा झारेपछि उनी जेल मुक्त भएका हुन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन ।

पत्नी गीता ढकालको हत्या आरोपमा जेल सजाय भोगिरहेका पूर्व नायब महानिरीक्षक (डिआइजी) रञ्जनप्रसाद कोइराला जेलमुक्त भएका छन् । कोइराला बिहीबार जेलमुक्त भएका हुन् । उनी जेल मुक्त हुँदा उनकी प्रेमिका तारा रेग्मी कार लिएर स्वागत गर्न पुगेकी थिइन् । तर, रञ्जनका छोरा र अन्य आफन्त भने त्यहाँ पुगेनन् ।



सर्वोच्च अदालतका प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणा र तेजबहादुर केसीको संयुक्त इजलासलले असार १५ गते जेल सजाय घटाउने आदेश दिएको थियो । आदेशअनुसार, पूर्व डीआईजी रञ्जनको जेल सजाय आठ वर्ष छ महिनामा झारिएको थियो । त्यही आदेशअनुसार, पूर्व डीआईजी कोइराला बिहीबार जेलमुक्त भएको डिल्लीबजार कारागार कार्यालयका जेलर गणेश आचार्यले बताए ।

यसअघि उक्त मुद्दामा कोइरालालाई काठमाडौं जिल्ला अदालतले सर्व स्वसहित जन्मकैदको फैसला सुनाएको थियो । त्यसपछि पुनरावेदनको सुनुवाइ गर्दै उच्च अदालत पाटनले पनि त जिल्ला अदालतको फैसला सदर गरेको छ ।

त्यसविरुद्ध प्रतिवादीका तर्फबाट सर्वोच्चमा पुनरावेदन परेको थियो । उक्त मुद्दामा सुनुवाइ गर्दै सर्वोच्च अदालतले सजाय घटाउँदै आठ वर्ष छ महिना कैद कायम गरेको हो । पूर्व डीआईजी कोइरालाले २०६८ मा पत्नी गीताको हत्या गरी मकवानपुरको पालुङमा लगेर जलाएका थिए । प्रहरी अनुसन्धान पछाडि जिल्ला अदालत काठमाडौंले पूर्व डीआईजी कोइरालालाई सवर्स्व सहित जन्मकैदको सजाय सुनाएको थियो ।

तर, सर्वोच्चले उनको सजाय घटाउँदै जेलमुक्त गरेपछि बिहीबार नै फैसला विरुद्ध पुनरावलोकनको माग सहित निवेदन दर्ता भएको छ । महान्यायाधिवक्ताको कार्यालयले फैसला पुनरावेदनको माग गर्दै निवेदन दर्ता गराएको महान्याधिबक्ता अग्नी खरेलले बताए । जन्मकैदको सजाय पाएका पूर्व डीआईजी कोइरालाको सजाय घटाउँदै जेलमुक्त गर्ने निर्णय विरुद्ध विभिन्न पक्षबाट बिरोध भइरहेको छ ।

# असोजदेखि भूमि बैंक

**तीन सय स्थानीय तहमा सञ्चालनमा ल्याउने तयारी भएको भूमि बैंक असोजदेखि कार्यान्वयनमा ल्याउने तयारी गरेको छ ।**



*भक्तपुरको सूर्यविनायक नगरपालिकाअन्तर्गत चित्रपुरमा किसान धान गोड्दै । रोपाइँ सकेपछि धान नकाटेसम्म तीन पटक किसानले धान गोड्ने गर्दछन् । तस्वीर : रत्न श्रेष्ठ*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन ।

सरकारले आगामी असोज महिनादेखि कार्यान्वयन हुने गरी भूमि बैंक सञ्चालनको तयारी गरेको छ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले बैंक सञ्चालनका लागि अहिले कार्यविधि तयार पार्ने काम गरिरहेको छ ।

आगामी भदौ महिनासम्ममा कार्यविधि तयार पारिसक्ने र असोज महिनादेखि कार्यान्वयनमा ल्याउने गरी काम भइरहेको मन्त्रालयका प्रवक्ता जनकराज जोशीले जानकारी दिए । कार्यविधिमा मुख्यगरी काठमाडौं उपत्यका भन्दा बाहिरी जिल्लामा रहेको जग्गा समेट्ने गरी अघि बढेको उनले बताए । कार्यविधिले धेरै समयसम्म बाँझो रहेको र व्यावसायिकरुपमा खेती गर्न सकिने जग्गालाई समेट्ने पनि प्रवक्ता जोशीले बताए ।

सरकारले चालू आर्थिक वर्षदेखि नै संघ, प्रदेश र स्थानीय तहको संयुक्त लगानीमा ३०० स्थानीय तहमा भूमि बैंकको स्थापना गर्ने तयारी अनुरुप नै मन्त्रालयले काम अघि बढाएको हो । विश्वभर फैलिएको कोरोना कहरका कारण ग्रामीणमुखी हुन लागेका युवा वर्गलाई लक्षित गर्दै कृषि कार्य गरी भूमिमा पहुँच सुनिश्चितताका लागि बैंक स्थापना गर्न लागिएको बताइएको छ ।

पहिलोपटक सञ्चालन गर्न लागिएको बैंक चालू आवमा ३०० स्थानीय तहमा सञ्चालनको तयारी रहेको मन्त्रालयले जनाएको छ । पहिलोपटक सञ्चालनको प्रभावकारिता हेरी आगामी आवमा अन्य स्थानीय तहमा पनि सञ्चालन गर्ने मन्त्रालयको योजना छ ।

भूमि बैंक सञ्चालनका लागि जग्गा धनीबाट भाडामा लिएको, सरकारी स्वामित्वमा नरहेको र नियन्त्रणबाट उकास भएको जमिन प्रयोग गरिनेछ । यसका लागि कृषि कार्य गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहको समन्वयमा भाडामा लिनुपर्ने छ । जमिन भाडामा लिइ कृषि उत्पादन गर्नेलाई प्रोत्साहनस्वरुप कृषि सामग्रीमा समेत सरकारले बाँकी पृष्ठ २ मा

# संख्या सय समाधान : कसको योगदान कति ?

**मदन कुमार श्रेष्ठ, रेशम राज पौडेल/मध्यान्ह**
काठमाडौं, ६ साउन

२०७५ साल फागुन १९ गते केही नेपाल ऐन संशोधन गर्ने विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेपछि संख्या सयका विवादित प्रावधानले वैदेशिक रोजगार ऐन २०६४ मा पहिलो पटक प्रवेश पायो । गणतन्त्रात्मक शासन व्यवस्था अनुकल नभएका विभिन्न ऐनका दफाहरुमा संशोधन गर्न उक्त ऐन आएको भएपनि तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्णराज विष्टले सरोकारवाला पक्षसँग बृहत छलफल विना नै वैदेशिक रोजगार ऐन २०६४ पनि संशोधन गराई म्यानपावर कम्पनीहरुको संख्या घटाउने मुख्य उद्देश्य राखेर धरौटी वृद्धिसहित अनिवार्य रुपमा वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउनुपर्ने बाध्यात्मक व्यवस्था गराएका थिए ।

स्वार्थ समूहलाई नीति निर्माणमा सहभागी गराउँदा स्वार्थ बाझिन्छ भन्ने मन्त्री विष्टको अडान थियो । तर वैदेशिक रोजगार व्यवसायीहरु भने प्रजातान्त्रिक शासन प्रणालीमा सरोकारवालाहरु 'स्टेकहोल्डर'हरुसँग छलफल विना कसरी कानून बन्छ ? भनी शुरुदेखि नै मन्त्री विष्टको कार्यशैलीप्रति गुनासो गरिरहेका थिए । मन्त्रि विष्टले त्यसअघि वैदशिक रोजगार व्यवसायीहरुसँग व्यापक परामर्श विनै वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण निर्देशिका २०७५ जारी गराएका थिए । कतिपयका भाषामा निर्देशिका छापामार शैलीमा जारी भएको थियो । विदेशस्थित नेपाली दूतावासहरुलाई मागपत्र प्रमाणीकरण गर्ने अधिकार दिंदा चरम चलखेल हुने र कर्मचारीहरु अमेरिका र बेलायतस्थित नेपाली दूतावास नगई खाडी र मलेसिया जान मारामार गर्छन् भन्ने व्यवसायीहरुको भनाइ थियो । तर निर्देशिका जारी भयो । त्यसपछि व्यवसायीहरु मन्त्री विष्ट आफुहरुसँग छलफल रुचाउँदैनन् भन्ने विश्लेषणमा थिए ।

ईजाजतपत्र नवीकरणका लागि पछिल्ला दुई आर्थिक वर्षमा अनिवार्य रुपमा सय जना कामदार पठाउनुपर्ने विषय ऐनमा अस्पष्ट र नियमावलीमा बढी प्रष्टरुपमा आएपछि व्यवसायीहरुको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, वैदेशिक रोजगार व्यवसायी तमुधीः समाज, जनता समाजवादी पार्टीलगायत व्यवसायीहरुका जातीय, क्षेत्रीय तथा भेगीय संस्थाहरुले एकै स्वरमा विरोध गरे । संघले समस्या समाधानको माग गरिरहेको बेला मञ्चले मञ्चका पूर्व अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीको संयोजकत्वमा गत चैत १ गते नै संख्या समस्या समाधन समिति गठन गरेर संघमाथि एक प्रकारले दवाब नै दिएको थियो ।

नेपालको वैदेशिक रोजगार क्षेत्रका समस्या बुझ्ने र समाधान गर्ने विषयमा संस्था र व्यक्ति पिच्छे फरक-फरक बुझाई र दृष्टिकोण देखिने गरेका छन् । ईजाजतपत्रका लागि अर्बौं लगानी गरेका व्यवसायीहरुको सम्बोधन हुन नसकेका सेवा शुल्क परिवर्तनलगायत अन्य धेरै माग छन् । तर संख्या सयको विषय ओझेलमा पर्ने डरले उनीहरुले अन्य आवश्यक मागका सम्बन्धमा चर्को स्वर पार्न सकेनन् । ईजाजतपत्र नवीकरणका लागि संख्या सयको बाध्यता हटाउनुपर्ने सबैको एउटै माग रह्यो ।

ऐनमा संख्या सयको प्रावधान प्रवेश गराएका तत्कालीन श्रम मन्त्री विष्ट प्रशासनिक प्रक्रियामार्फत त्यसलाई कडाईका साथ कार्यान्वयन गराउने पक्षमा थिए । उनी त्यसैमा अडिग रहे । व्यवसायीहरुका अनुसार मन्त्री विष्टको कार्यकालको अन्तिम समयमा मन्त्रालयमा सरुवा भई आएका मन्त्रालयका तत्कालीन सचिव विनोद केसी पनि संख्या सयको प्रावधान परिवर्तनको पूर्ण विरोधी नै रहे ।

त्यसैका कारण तत्कालीन सचिव केसीसहित मन्त्रालयका अन्य उच्च अधिकारीहरुले ऐनमा भएको व्यवस्था विपरित नियमावली परिवर्तन गरेर कार्यान्वयन गर्न नसकिने भन्दै व्यवसायीको दवाबका बाबजुद लामो समयदेखि संशोधन वा निकास दिने कुनै प्रक्रिया अघि बढाएनन् । दुई तिहाई निकट मतमा बनेको बलियो सरकार रहेका बेला कर्मचारी व्यवसायीका पक्षमा देखिने सत्य कुरा बोल्नुभन्दा राजनीतिज्ञको स्वार्थ अगाडि हो मा हो मिलाएर आफ्नो दुनो सोझ्याइ रहे ।

सचिव केसी व्यवसायीको माग पूरा गर्न सकारात्मक नभएपछि बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# आज प्रगतिशील र गणतान्त्रिक विधिवत एकीकृत हुँदै

**काठमाडौं/मस-** सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सम्वद्ध वैदेशिक रोजगार व्यवसायीका दुईवटा संगठन प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल तथा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चबीच शुक्रबार एकीकरणको औपचारिक कार्यक्रम हुने भएको छ । तत्कालीन नेकपा एमाले र नेकपा माओवादीकाबीच एकीकरण हुनु पहिले करिब तीन वर्ष अगाडि नै नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्व आफ्ना पक्षमा पार्न कार्यगत एकता गरेर चुनावी तालमेल गरेका दुई संगठनबीच पार्टी एकीकरणको लामो समयसम्म पनि औपचारिक एकता भने भएको थिएन ।

तत्कालीन नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको नाममा एकीकरण भएका दुवै संगठनको नेतृत्व तत्कालीन माओवादी निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका पूर्व अध्यक्ष राम प्रसाद भान्तनाले गरेका छन् । प्रगतिशीलका तत्कालीन उपाध्यक्ष राजेन्द्र भण्डारी दोश्रो वरियतामा सहसंयोजकको हैसियतमा रहेका छन् ।

शुक्रबारको एकीकरण तथा सपथ कार्यक्रम भव्य बनाउने बाँकी पृष्ठ २ मा

# दशौं अगाडि त्रिविका सबै परीक्षा



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले बन्दाबन्दी खुलेसँगै रोकिएका परीक्षा सञ्चालन गर्ने तयारी थालेको छ। बन्दाबन्दी खुलेसँगै सेमेष्टर र वार्षिक प्रणालीका परीक्षा सञ्चालन गर्ने तयारी गरिएको त्रिवि परीक्षा नियन्त्रण कार्यालयका (पनिका) परीक्षा नियन्त्रक पुष्पराज जोशीले बताए।

'हामीले सेमेष्टरको परीक्षाका बारेमा खुला पुस्तक हेरेर लेख्न सकिने, अनलाइन परीक्षा लिनेबारे सोच बनाएका थियौं,' उनले भने, 'तर त्यो सम्भव नहुने भएपछि परीक्षा नै लिने निर्णयमा पुगेका छौँ।' यसअघि सेमेष्टर प्रणालीअन्तर्गतका परीक्षा बारेमा निर्णय गर्न त्रिविका शिक्षाध्यक्ष प्राडा शिवलाल भुसालको संयोजकत्वमा कार्यदल गठन गरेर परीक्षा नलिने तयारी गरेको बनाएपनि सेमेष्टरको परीक्षा लिने भएको हो। उनले दशौं अगाडि रोकिएका नै सेमेष्टर र वार्षिक परीक्षा गर्ने तयारी गरिएको जानकारी दिए।

त्रिविले चाँडै नै परीक्षाका बारेमा सूचना प्रकाशित गर्ने तयारी गरेको छ। यसपटक विद्यार्थीलाई पायकपर्ने नजिकका क्याम्पसमा परीक्षा केन्द्र राखिने छ। 'पहिले हामीले १२-१३ किलोमिटरभित्रमा परीक्षा केन्द्र राख्ने गरेका थियौं,' उनले भने, 'यसपटक भने विद्यार्थीलाई पायक पर्ने नजिकका क्याम्पसमा परीक्षा केन्द्र राख्ने छौँ।' त्रिविले गत चैत ७ गतेदेखि कोभिड-१९ को कारणले सेमेष्टर तथा वार्षिक सबै परीक्षा स्थगन गरेको थियो। स्नातकोत्तर तहको प्रथम, स्नातक तह दोस्रो र विभिन्न तहका सेमेष्टर प्रणालीका परीक्षा रोकिएका छन्।

यसैगरी पनिकाले बन्दाबन्दीका कारणले रोकिएका परीक्षाफल धमाधम गरिरहेको छ। पनिकाले गत वैशाख २० गतेदेखि कार्यालयका कर्मचारीलाई ल्याएर परीक्षाफल प्रकाशित गरिएको छ। उनका अनुसार स्नातकोत्तर तहका १२ विषय, कानून सङ्काय, मानविकी र व्यवस्थापनको स्नातक तहको प्रथम वर्षको परीक्षाफल प्रकाशन गर्न बाँकी रहेको छ। पनिकाले सबै परीक्षाफल प्रकाशित गरेर परीक्षा गर्ने र ती परीक्षाको पनि तीन महिनाभित्र प्रकाशन गर्ने तयारी गरेको परीक्षा नियन्त्रक जोशीले जानकारी दिए। उनले वार्षिक क्यालेन्डर मिलाउने गरी परीक्षा र परीक्षाफल प्रकाशन गरिने तयारी गरिएको बताए।

## अनलाइन कक्षा पुनः सञ्चालन

**काठमाडौं/मस-** सरकारसँगको वार्ता सकारात्मक भएपछि निजी लगानीका विद्यालयले आफूले स्थगन गरेका अनलाइन पढाइ बिहीबारदेखि पुनः सञ्चालन गरेका छन्। सरकारले आफूहरुलाई सहुलियत ऋण नदिएको र शुल्क उठाउन पनि कठिनाइ हुँदा शिक्षकको तलब सुविधा दिन नसकिएकाले गत असार ३१ गते निजी तथा आवासीय विद्यालयका छाता संस्थाले विज्ञप्ति जारी गरी शिक्षकलाई बेतलबी बिदा दिई यही साउन १ गतेदेखि अनलाइन कक्षा स्थगन गराएका थिए।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय पुनः सञ्चालनको कार्यविधि तयारीसहित सरोकार पक्षसँग बुधबार छलफल गरेपछि निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन (एनप्याब्सन), नेपाल शिक्षक महासङ्घ, संस्थागत विद्यालय शिक्षक युनियन र अभिभावक महासङ्घसँग परामर्श गरेको थियो।

शिक्षक र अभिभावकले पनि निजी विद्यालयलयलाई अनलाइन कक्षा नरोक्न दबाब दिएका थिए। सरकारले जारी गरेको वैकल्पिक प्रणालीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ को कार्यान्वयनका लागि गत असार १ गतेदेखि सबै विद्यालयमा वैकल्पिक प्रणालीबाट पढाइ भइरहेको छ। कोरोना महामारीका कारण रोकिएको विद्यालयको पठनपाठन आगामी भदौ १ देखि भर्ना र परीक्षा सञ्चालन गर्न नेपाल सरकारले निर्णय गरिसकेको छ। त्रिभुवन विश्वविद्यालयले पनि आफ्ना क्याम्पस खोल्न थालेको छ।

# विद्युत अवरुद्ध हुँदा आठबिसकोटका बासिन्दा अन्धकारमा

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ८ साउन



रुकुम पश्चिमको आठबिसकोट नगरपालिकास्थित खारखारा खोला लघुजलविद्युत आयोजनाले वितरण गर्दै आएको विद्युत अवरुद्ध हुँदा उपभोक्ता मारमा परेका छन्। पटकपटक विद्युत जाने हुँदा दैनिक रुपमा सास्ती खेप्दै आएका उपभोक्ता यसपाली भने हप्तौंदेखि अन्धकारमा बस्न बाध्य भएका छन्।

लघु जलविद्युत आयोजनाले नगरपालिका भित्रका करिब पाँच सय घरधुरीलाई विद्युत बितरण गर्दै आएको छ। तर उक्त विद्युत पटकपटक अवरुद्ध हुँदा उपभोक्ताले सास्ती खेप्नु परेको छ। 'बत्ति आउने जाने समय थाहा नै हुँदैन, आठबिसकोट नगरपालिका ९ का स्थानीय दल बहादुर बटालाले भने, 'एक दिनमा ४/५ घण्टा मात्रै आउँछ, त्यो पनि बत्ति कतिबेला आउने, जाने भन्ने केही टुंगो हुँदैन।' भ्याप भ्याप आउने जाने हुँदा कतिपय घरहरुमा बत्तिसमेत जलिसकेका छन्।

हाल विद्युत सेवा अवरुद्ध भएका ठाउँहरुमा सोलार कम्पनीद्वारा बत्तिको आपूर्ति हुँदै आएको छ। 'वर्षाको समयमा विभिन्न अवरोधहरु आउने हुँदा विद्युत जाने आउने समस्या भएको छ।' उपभोक्ता समितिका सदस्य दिप बहादुर खत्रीले मध्यान्हसँग भने, 'ट्रान्समिटरको क्वाईल जलेको र बेरीङ गएको कारण केहि दिनदेखि विद्युत अवरुद्ध भएको हो। खराब भएको ट्रान्समिटर खरिद गर्न समितिमा प्राप्त रकम छैन। उपभोक्ताहरु बाट बत्तिको बिल उठाउन समेत कठिन भएकोले केही दिन सम्म बत्ति सञ्चालन गर्न सकिँदैन।'

यो क्षेत्रमा अहिले बत्ति पूर्णरुपमा ठप्प छ। 'हामी हप्तौंदेखि अन्धकारमा बस्दै आएका छौं,' अघि पछिको समयमासमेत हैरानी खेप्दै आएका सोही वडाका उपभोक्ता बटाला भन्छन्, 'विविध कारण देखाउदै सधैं विद्युत अनियमित हुने गर्छ। महसुल शुल्क मनपरि तरिकाले उठाउने तर विद्युत अवरुद्ध हुँदा सामान खरिदका लागि समितिमा आर्थिक रकम छैन, नगरपालिकासंग माग गरेका छौँ भनेर टार्छन्। यसले हाम्रो दैनिकीमा समस्या र व्यवसाय सञ्चालनमा बाधा पुऱ्याएको छ।'

**पाँच दिनभित्र विद्युत सञ्चालनमा आउने**

नगरपालिकाको वडा नम्बर ७ मा रहेको खारखारा खोला लघुजलबिद्युत आयोजनाको अवरुद्धरत विद्युत पाँच दिनभित्र सन्चालनमा आउने विद्युत कार्यालयले जनाएको छ। विद्युत कार्यालयका अपरेटर भिम बहादुर बटालाका अनुसार करिब ५ सय घरले बाल्दै आएको उक्त बिजुली गत असार २८ गतेबाट बन्द भएको थियो।

ट्रान्समिटरको क्वाईल जलेको र बेरीङ गएकाले विद्युत अवरुद्ध भएको हो। यसको जडान तथा मर्मत कार्यभैरहेको छ। अबको पाँच दिनभित्र नगरपालिकाको सबै ठाँउमा बत्ति बल्ने अपरेटर बटालाको भनाइ छ।

## खतराको ...

एक हजार ८९७, वाग्मती प्रदेशमा ४२७, गण्डकी प्रदेशमा ३२४, प्रदेश नं ५ मा ३४४, कर्णाली प्रदेशमा ३०४ र सुदूरपश्चिम प्रदेशमा एक हजार ९३८छ।

कोभिड-१९ बाट संक्रमणबाट १५६ जना डिस्चार्ज भएका छन्। हालसम्म डिस्चार्ज हुने १२ हजार ८४० पुगेको छ। बिहीबारसम्म क्वारेन्टिनमा बस्नेको संख्या २० हजार ९८ जना छ।

रौतहट, कैलाली र बाजुरामा ५०० भन्दा संक्रमित उपचारत छन् भने भोजपुर, पाँचथर, संखुवासभा, रसुवा, मनाङ र मुस्ताङमा संक्रमण शून्य बनेको छ।

## आज...

उद्देश्यसहित व्यापक तयारी गरिएको मञ्चले दावी गरेको छ। शुक्रवार दिउँसो हुने एकीकरण तथा सपथ कार्यक्रममा पार्टीका अध्यक्षद्वय केपी शर्मा ओली तथा पुष्पकमल दाहाल 'प्रचण्ड' दुवैलाई प्रमुख अतिथिका रुपमा आमन्त्रण गरिएको बताउँदै संयोजक भान्तनाले अध्यक्षद्वय व्यस्त रहे पार्टी महासचिव विष्णु पौडेलको प्रमुख आतिथ्यतामा सपथ तथा एकीकरण कार्यक्रम हुने तय भएको जानकारी दिए। एकीकरणपछि मञ्चको कार्यसमिति ५५ सदस्यीय रहने छ। एकीकृत कार्यसमितिमा प्रगतिशीलका ३४ र गणतान्त्रिकका २१ व्यवसायीहरु रहेका छन्। मञ्चको सचिवालय गठन र अन्य जिम्मेवारी बाँडफाड भने एकीकरणको औपचारिक कार्यक्रमपछि गर्ने सहमति भएको संयोजक भान्तनाले मध्यान्हलाई जानकारी दिए।

तत्कालीन नेकपा एमाले निकट प्रगतिशील मञ्च नेपाल २०६५ सालमा र माओवादी निकट गणतान्त्रिक मञ्च २०६३ सालमा स्थापना भएको राजनीतिक आस्था केन्द्रित संस्था हुन्। शुरुमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघमामात्र आवद्ध रहेका व्यवसायीहरु मुलुकमा गणतान्त्रिक राजनीति हावी भएपछि आ-आफ्ना राजनीतिक आस्था अनुसारका संस्था निर्माण गर्न बाध्य भएका हुन्।

मञ्च नेपालका संस्थापक अध्यक्ष सरोज पोखरेल हुन्। पोखरेलपछि व्यवसायीहरु बलबहादुर तामाङ, टंक राउत, नरेश गेलाल, हरि बहादुर पाण्डे क्षेत्री र चित्रगुप्त साँवा लिम्बुले मञ्च नेपाललाई नेतृत्व प्रदान गरेका थिए। वरिष्ठ व्यवसायी दिल प्रसाद पोखरेलको अध्यक्षमा गठित गणतान्त्रिक मञ्चलाई पोखरेलसहित व्यवसायीहरु प्रेम बहादुर कटुवाल, भान्तना र भुवन विक्रम घिमिरेले नेतृत्व दिएका थिए।

वैदेशिक रोजगार क्षेत्रमा समाज सेवा, जातीय संस्कृति संरक्षणलगायतका काम गर्ने उद्देश्यसहित विभिन्न जातीय, क्षेत्रीय तथा भेगीय संघ संस्था रहेका छन्। तराई मधेश वैदेशिक रोजगार मञ्च र जनता समाजवादी पार्टी निकट व्यवसायीहरु पनि संगठित भइरहेका छन्। तर व्यवसायी भित्र सत्तारुढ दल नेकपा निकट मञ्च नेपाल र नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन प्रमुख हैसियतका रुपमा रहेका छन्। उनीहरु दुवैले आफनो संगठन नै धेरै व्यवसायी सदस्य रहको संस्था भएको दावी गर्दै आएका छन्।

मुलुकको समग्र पक्षमा राजनीति हावी भइरहेको अहिलेको अवस्थामा राजनीतिक दलको नीति कार्यक्रममा संगठित भएका व्यवसायीहरु व्यवसायीका समस्या समाधान गर्न सहयोगी ठहरिएका छन्। केही दिनअघि मन्त्रिपरिषद्बाट बाधा अड्काउ आदेश जारी गराई वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका म्यानपावर कम्पनीहरुको नवीकरणको वातावरण बनाउन राजनीतिक दल निकट यी संस्थाहरुले दवाबकारी भूमिका खेलेको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ।

## संख्या...

संघका अध्यक्ष विष्णुप्रसाद गैरे र महासचिव सुजित कुमार श्रेष्ठलगायतले राजनीतिक र प्रशासनीक माध्यम प्रयोग गरी विष्टको बहिर्गमनपछि आएका मन्त्री रामेश्वर राय यादवसँग पहुँच बढाए। संख्या सयको बाध्यता व्यवसायिक स्वतन्त्रता विरोधी रहेको भन्दै उनीहरुले मन्त्री यादवलाई समस्या समाधानका लागि विश्वासमा लिएका थिए। कोभिडलगायतका कारण सरकारले नै श्रम स्वीकृति बन्द गरेका कारण मन्त्री यादव व्यवसायीहरुका मागमा लचिलो बनीरहेका थिए। तर व्यवसायीको उक्त सक्रियता तत्कालीन सचिव केसी र मन्त्री यादवकाबीच चिसो बढाउने माध्यम मात्र बन्यो। जुन सचिव केसीको अवकासका दिनसम्म कायमै रहेको व्यवसायीहरुको ठम्याई छ।

यसैबीचमा विश्वका विभिन्न देशमा महामारीको रुप लिएको कोरोना भाइरस संक्रमण नेपालसम्म पनि आइपुग्यो। संक्रमण रोक्न सरकारले लकडाउन गरेपछि अन्य निजी क्षेत्रभन्दा पहिले नै वैदेशिक रोजगार क्षेत्र अस्तव्यस्त नै भयो। अन्य क्षेत्रमा काम चलिरहेको बेला सरकारले नै गतवर्ष फागुन ३० गतेदेखि नै वैदेशिक रोजगारीमा जाने कामदाहरुको श्रम स्वीकृति अनिश्चितकालका लागि बन्द गऱ्यो। श्रम स्वीकृति लिएका कामदारहरु पनि रोजगारीका लागि उड्न पाएनन्। सरकार जनताको जीउधनको रक्षा गर्ने भन्दै पूर्ण लकडाउनमा उत्रियो।
लकडाउनले उद्योग व्यवसाय र सबै क्षेत्र बन्दभएपछि गत वर्ष चैत्र १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले अन्य क्षेत्रलाई झै वैदेशिक रोजगार व्यवसायीहरुलाई पनि राहत प्रदान गर्न वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गऱ्यो।

लामो समय सरकारी फाइलमा दबेर रहेको उक्त निर्णय मध्यान्ह राष्ट्रिय दैनिकमार्फत पहिलो पटक सार्वजनिक भयो। त्यसले निकास चाहिरहेका व्यवसायीबीचमा हलचल नै ल्यायो। केही व्यवसायीहरुले चैत १९ गते त्यस विषयमा सूचना पाएका थिए। तर उक्त दिन अंग्रेजी महिना अप्रिलको पहिलो तारिक 'अप्रिल फुल' परेका कारण सूचना पाएका व्यवसायीहरुले पनि त्यसलाई पत्याएनन्। थप बुझ्ने प्रयास पनि गरेनन्।

लामो समयदेखि नै संख्या सयको प्रावधान खारेजीको माग गर्दै आएका व्यवसायीहरुमा मध्यान्ह राष्ट्रि दैनिकमा निर्णय सरकारी छापसहित आयो। उक्त समाचार व्यवसायीकाबीच शक्ति सञ्चारको कारण नै बन्यो। व्यवसायीहरु बलियो आत्मविश्वास लिएर समस्या समाधानका लागि उत्साही भएर अगाडि बढे। तर तत्कालीन सचिव केसीले ऐन र नियमावलीका विरोधमा गएर फाइल अघि नबढाउने भन्दै पुरानै अडान यथावत राखे।

संघको गत निर्वाचनमा पराजय व्यहोरेको मञ्चले व्यवसायीलाई राहत प्रदान गर्ने कुनै काम नगरेको भनेर संघ नेतृत्वको आलोचना शुरु गरेको थियो। तर संघ र नेपाली काँग्रेस निकट एसोसिएसनले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, श्रम मन्त्रालय, श्रम मन्त्री यादवसहित प्रमुख प्रतिपक्षी दलका नेता एवं नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवा, संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँडदेखि नेपाली काँग्रेसले गठन गरेको छाया मन्त्रिपरिषद्मा श्रम मन्त्रालय हेर्ने सांसद् डा. डिला संग्रौलालाई ज्ञापनपत्र बुझाउँदै समस्या समाधानको माग गरिरहेका थिए। संघ र एसोसिएनको पहल परिणाम निकाल्न सफल नभए पनि वातावरण तताउन भने पर्याप्त नै थिए।

समस्याले समाधान पाएको थिएन। कोरोना माहामारीकाबीच संसद अधिवेशन शुरु भयो। श्रम मन्त्री यादवले गत चैत १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया अघि बढाउने वा बाधा अड्काउ आदेश जारी गर्ने विषयमा काम गरिरहेको व्यवसायीहरुलाई बताइरहेका थिए। ठीक त्यति नै बेला प्रतिनिधिसभामा नेपाली काँग्रेसका सांसद डा. अमरेशकुमार सिंहले मन्त्री यादवमाथि ५ सय १२ म्यानपावर कम्पनीसँग एक/एक लाख रुपैयाँ बार्गेनिङ गरेको गम्भीर आरोप लगाए। मन्त्री यादवले सांसद् सिंहको आरोप मिथ्या भन्दै प्रमाणित गराएर देखाउन संसदमै चुनौती दिए। विना प्रमाण बोलेर लान्छित गरेको भन्दै वैदेशिक रोजगार व्यवसायीहरु पनि एकै स्वरमा सांसद सिंहविरुद्ध खनिए।

आफ्नाविरुद्ध भष्टाचारजस्तो संगीन आरोप लागेपछि मन्त्री यादवले सांसद सिंहले लगाएको आरोपका पछाडि संघका पदाधिकारीहरुको पनि भूमिका त छैन भन्ने शंकामा पुगे। त्यस लगत्तै मञ्चको भेटघाटमा मन्त्री यादवले आफु संख्या सयको समस्या समाधानमा अघि नबढ्ने निर्णयमा पुगेको भन्दै संघप्रति तितो पाखे। त्यसअघि मन्त्री यादवले संघका अध्यक्ष गैरे तथा महासचिव श्रेष्ठलाई निवास र मन्त्रालयमा बोलाएर आफ्नो 'तितो' पोखेका थिए।

मञ्चले पूर्व अध्यक्ष पाण्डे क्षेत्रीको संयोजकत्वमा गठन गरेको समितिले लकडाउनकाबीचमा सत्तारुढ नेकपाका वरिष्ठ नेताहरु रहेका पूर्व प्रधानमन्त्रीदेखि पार्टी वरिष्ठ नेताहरुलाई समस्या समाधन नभए पार्टी निकट व्यवसायीहरु नै पलायन हुने र पार्टीलाई नै ठूलो क्षति हुने भन्दै व्यवसायी बचाउन चौतार्फी दवाब दिएको थियो। मञ्चमा आवद्ध व्यवसायीको भेटमा मन्त्री यादवले त्यसको खुलासा गरे। उनले भने, 'तपाइहरुले नेताहरु तथा संगठन मार्फत दिएको दवाबकै कारण मन्त्रिपरिषद्मा समस्या समाधानका लागि प्रस्ताव लैजाने भए। अन्यथा म तयार थिइनँ।'

मन्त्री यादवको आश्वासनपछि संयोजक पाण्डेसहित व्यवसायीहरु 'अब परिणाम आयो काम फत्ते गरियो' भन्ने निष्कर्षमा पुगे। काममा सफलता हात पारेको ठानेर समितिका संयोजक पाण्डे क्षेत्रीले कोरोनाको संकटकाबीचमा पनि पत्रकार सम्मेलन गरेर व्यवसायीहरुको ईजाजतपत्र नवीकरणसहित वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याको तत्कालीन र दीर्घकालीन समाधानसहितको प्रतिवेदन प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका संयोजक राम प्रसाद भान्तनालाई बुझाए।

असार ५ गतेको पत्रकार सम्मेलनमा संयोजक पाण्डेले भनेका थिए, 'करिब तीन महिनाको मेहनतपछि ऐन र नियमावीलमा रहेको प्रावधानले भण्डै खारेज हुनुपर्ने अवस्थामा पुगेका ५ सय १३ वटा वैदेशिक रोजगार व्यवसायमा सजाइएका साइन बोर्ड फुकाल्नु नपर्ने दृढ आशा पलाएको छ। समस्याको समाधान हुन्छ।'

समितिमा व्यवसायीहरु राजेन्द्र भण्डारी, हेमन्त जोशी, गोविन्द कटुवाल, भिष्म शर्मा शिवाकोटी, हरि प्रसाद थापा, श्याम खरेल र जे.वि. शाही र हरिश कुँवर आरसि. गिरी, कुन्छा दोर्जे लामा सदस्य रहेका थिए। कुँवरलाई सदस्य सचिवको जिम्मेवारी दिइएको थियो। समस्या समाधान नहुँदै पत्रकार सम्मेलनकाबीच सोही दिन समिति विघटनको घोषणा गरियो। मन्त्रिपरिषद्बाट बाधा अड्काउ आदेश जारी भई निकास भने आइसकेको थिएन। व्यवसायीहरु पेशा व्यवसाय गर्ने अधिकार छिनिने भयो भन्दै छट्पट्को अवस्थामा थिए।

यसैबीच वैदेशिक रोजगार विभागले जेठ अन्तिम हप्ता संस्था नवीकरणका लागि सूचना सार्वजनिक गऱ्यो। सूचनामा अघिल्लो आर्थिक वर्ष आ.व. २०७५/०७६ को आय विवरण बुझाएको भरपाई वा आयकर दाखिल गरेको प्रमाण, पछिल्लो दुई आर्थिक वर्ष (आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७) मा प्रत्येक वर्ष कम्तीमा एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने वैदेशिक रोजगार नियमावलीको नियम ८ (क१) अनुसारको कागजातसहित नगद धरौटी र बैंक ग्यारेन्टीको प्रतिलिपि समावेश गरी नवीकरणका लागि आवदेन गर्नुपर्ने प्रावधान थियो।

वार्षिक एक सय कामदार पठाउन नसकेका तर लामो लकडानका कारण कार्यालय बन्द गरेर बसेका व्यवसायीलाई विभागको सूचनाले थप प्रहार गऱ्यो। असार पहिलो हप्ता नै ईजाजतपत्र नवीकरण गर्नुपर्ने व्यावसायीहरुको मागसहितको फाइल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमा पुगेको थियो। तर समस्या समाधानको प्रक्रियाकाबारेमा अन्योल थियो। त्यसको कानूनी समाधान के हो ? भन्ने विषयमा अलमल भएपछि सोचेको समयमा समाधान आएन।

सामाजिक सञ्जालमा सक्रिय रहन रुचाउने संघका पूर्व अध्यक्ष रोहन गुरुङ पोखरा थिए। गुरुङको कार्यकालमा संख्या सयको प्रावधान आएको थियो। कतिपयले त्यसका लागि उनलाई दोष दिने गरेका थिए। लकडाउनकाबीचमा पोखराबाट नै उनले आफ्नै शैलीमा कहिले तीखो र कहिले नरम रुपमा सामाजिक सञ्जालमा विचार राखीरहेका थिए। लकडाउन खुकुलो भएपछि उनी पोखराबाट काठमाडौं आए। सबैको ध्यान मन्त्रिपरिषद्को निर्णय कहिले र कसरी आउला भन्नेमै टिकेको थियो। तर दिन बित्दै गए निकास आएन। धरैले आदिकवि भानुभक्त आचार्यको 'भोलि' कविता सम्झिए।

निकास नआएपछि संघका पूर्व अध्यक्ष गुरुङसहित प्रगतिशील मञ्चका पूर्व अध्यक्ष पाण्डे क्षेत्री, संघका पूर्व महासचिव नरेश गेलाल, संघका कानूनी सल्लाहकार शम्भु प्रसाद निरौलाको टोली मुख्य सचिव लोकदर्शन रेग्मीलाई भेट्ने ईरादासहित पटक-पटक मन्त्रिपरिषदको कार्यलय पुग्यो। श्रम मन्त्रालयबाट संख्या सयको समस्या समाधानका सम्बन्धमा उठाइएको टिप्पणीको विषयलाई मन्त्रिपरिषद्को कार्यालयले श्रम मन्त्रालयले नै निर्णय गरी ईजाजतपत्र नवीकरण गरी समस्या समाधान गर्न सकिने बतायो।

तर निवर्तमान अध्यक्ष गुरुङसहितको टोलीले ऐनको बाधा अड्काउ फुकाउने दफा ८२ प्रयोग गरी बाधा अड्काउ फुकाउने निर्णय मन्त्रिपरिषद्ले नगरेसम्म श्रम मन्त्रालयले निर्णय गर्न नसक्ने जिकिर गरेपछि असार ९ गते श्रम मन्त्रालयका निमित्त सचिव बाबुराम अधिकारी र कानून शाखाका उपसचिव रेशराज पौडेललाई मन्त्रिपरिषदको कार्यलयमा छलफलको लागि बोलाइयो। श्रम मन्त्रालयका अधिकारीहरुले मन्त्रिपरिषदबाट निर्णय नगरी श्रम मन्त्रालय र विभागले मात्रै समस्याको समाधानका लागि केही गर्न नसकिने जवाफ दिए। तर पनि मन्त्रिपरिषद्बाट ठोस् निर्णय हुन सकेन।

असार १२ गते संघका निवर्तमान अध्यक्ष गुरुङको नेतृत्वको टोली पुनः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलय पुग्यो। व्यावसायीले कम्तीमा सयजना कामदार पठाउनुपर्ने प्रावधान पेशा व्यवसाय गर्न पाउने हकअधिकार विपरित भएको, व्यवसायीले गरेको अर्बौको लगानी डुब्ने अवस्था सिर्जना भएको, संख्या सयकै बाध्यताको कारण अनुभवी र सामाजिक उत्तरदायित्वका भावना भएका व्यवसायी पलायन हुने र विदेशमा कार्यरत कामदारले अभिभावक गुमाउने तर्क राखी छलफल गरे पश्चात् एक पटकलाई सय कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्ने वातावरण बन्यो। त्यसपछि निकास कसरी आउने भन्ने स्पष्ट भयो।

तर निकास आउनै लाग्दा सत्तारुढ नेकपाको शक्ति संघर्ष र प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामाको लगाईमा संसदको अधिवेशन नै अन्त्य भयो। बहुचर्चित एमसीसी, नागरिकता विधेयकलगायतका महत्वपूर्ण विषय नै ओझेलमा परे। त्यस्तो बेला म्यानपावर व्यवसायीको ईजाजतपत्र नवीकरणको विषय गन्तीमा नहुनु स्वभाविक नै थियो। तर बीचामा मुलुकमा आएको वर्षा र बाढी पहिरोले नेकपा भित्रको तातोलाई अस्थायीरुपमा भए पनि केही चिसो बनायो। त्यही बीचमा श्रम मन्त्री यादवले मन्त्रिपरिषद्मा पेश गरेको प्रस्ताव हुबहु पारित भयो।

संख्या सय समस्या समाधनाका लागि सबै व्यवसायीबीच घोषित अघोषित एकताले परिणाम देखायो। त्यसमा धेरैको योगदान जोडियो। प्रत्यक्षरुपमा व्यवसाय छोडी सकेका एक जना पूर्व व्यवसायी पर्दा पछाडि अत्यन्तै सक्रिय रहे। श्रम मन्त्रीको निरन्तरता र प्रधानमन्त्रीको संवेदनशीलताले व्यवसायी निराश हुनु परेन। चुनावी प्रचारका बेला प्रधानमन्त्री ओलीले वैदेशिक रोजगारका पसल बन्द हुने अभिव्यक्ति दिएका थिए। तर, व्यवहारमा प्रधानमन्त्री ओलीले दुई पटक व्यवसायीहरुलाई गुण नै लगाए। पहिलो पटक उनले व्यवसायीहरुले राख्नुपर्ने ६ करोड धरौटीलाई दुई, चार र छ करोडमा बर्गीकरण गरेर सबैलाई बाँच्ने र व्यवसाय गर्ने मौका दिए, पछिल्लो पटक नवीकरणका लागि बाधा अड्काउ फुकाउन सहमति जनाए। यसमा नेकपाका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड'देखि नेकपाका शीर्ष नेता र विपक्षी दलका नेता तथा नेपाली काँग्रेसका सभापति लगायतका नेताहरुले पनि उच्च सक्रियता देखाएको बुझाई व्यवसायीहरुको छ।

संख्या सयको समस्या समाधानका नीति प्रायः सबै लागि परे। तर दृश्यमा नदेखिएको अर्को पक्ष के थियो भने 'त्यो' हुन नदिने षड्यन्त्र पनि साथ साथै अनेक नाम र बहानामा सकृय भैरह्यो। त्यसैले एक उच्च सरकारी अधिकारीको कथनमा १५ दिन पनि नलाग्ने कामले १५ हप्ता बढीको समय खाइदियो।

किनारामा उभिएर यी सबै घटनाको मध्यान्ह राष्ट्रिक दैनिक साक्षीको भूमिकामा रह्यो। सबैको प्रयासमा उपलब्धी देखियो। तर, ऐन र नियमावलीमा ईजाजतपत्र नवीकरणका लागि संख्याको प्रावधान रहेसम्म हालको उपलब्धीलाई स्थायी मान्न सकिँदैन। त्यसका लागि ऐन र नियमावली नै संशोधन गर्नु आवश्यक छ।

व्यवसायीहरुबीच यस पटकटको उपलब्धी साझा उपलब्धीका रुपमा नरहने संकेत भने शुरुमै देखिन थालेको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनमा यो उपलब्धीको श्रेय कसले कसरी लिने भन्ने प्रपञ्च अहिले नै शुरु हुन थालेको छ। उपलब्धीको 'अपहरण वा कब्जाको प्रयत्न कसले गर्ला ?' अहिले नै ठोकुवा गर्न नसके पनि अनुमान लगाउन भने गाह्रो छैन।

## असोजदेखि...

सहयोग गर्नेछ। चालू आवमा सरकारले भूमि बैंक सञ्चालनका लागि रु ५० करोड बजेट विनियोजन गरेको छ। महिलाको भूमिमा अधिकार बढाउनका लागि प्रदेश र स्थानीय तहको समन्वयमा महिलाको नाममा जग्गा हस्तान्तरण गर्दा थप सहुलियतको व्यवस्थासमेत सरकारले दिने तयारी गरेको छ। मन्त्रालयले चालू आवभित्र ६० वटा मालपोत कार्यालयलाई स्थानीय तहमा अभिलेखसहित हस्तान्तरण गर्ने जनाएको छ। -रासस

# आईओएफटीसीमा नेपाललाई ४ स्वर्ण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन

अन्तर्राष्ट्रिय खुला मैत्री तेक्वान्दो च्याम्पियनसिप (आईओएफटीसी) को आयोजनामा भएको लकडाउन कोभिड- १९ अनलाइन भिडियो पुम्से च्याम्पियनसिपअन्तर्गत ब्लयाकबेल्टमा नेपालले चार स्वर्ण, तीन रजत र १४ काश्य पदक जितेको छ।

नेपालका लागि कमल श्रेष्ठ, पार्वती गुरुङ, निकुन गुरुङ र सरगम थापाले स्वर्ण पदक जिते। १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा सहभागी पाँच खेलाडीमध्ये कमल र पार्वतीले नेपाललाई स्वर्ण पदक दिलाएका हुन्। ३० वर्षको विधामा कमल पहिलो बने। जसमा नेपालकै हस्तबहादुर तामाङले रजत तथा जितबहादुर बोट र प्रेम बहादुर लिम्सोले काश्य पदक हात पारे। जित र प्रेम १३ औं सागका काश्य विजेता हुन्।



महिला ३० वर्षको इभेन्टमा पार्वती पहिलो भइन्। सो इभेन्टमा नेपालकी सजिंला तिमल्सिनाले काश्य पदक जितिन्। यसैगरी, ७ वर्ष मुनिको इभेन्टमा नेपालका निकुन गुरुङले स्वर्ण जिते। सो विधामा निकुन प्रतिद्वन्द्वीविहीन थिए। एब्सोलुट तेक्वान्दो डोजाङका निकुनले ४.७ स्कोर गर्नुभयो। महिला ९ वर्षमुनि विधामा सरगम च्याम्पियन बनिन्। पुरुष ९ वर्षमुनि प्रज्ञान तामाङले रजत र करुण खाँद तथा आर्यन्सनजङ राणाले काश्य पदक हात पारे।

एघार वर्षमुनिको इभेन्टअन्तर्गत पुरुषमा नेपालका हर्कबहादुर गुरुङ र महिलामा इसिका रानाले काश्य पदक प्राप्त गरे। महिला १४ वर्षमुनिको इभेन्टमा सन्ध्या लामालाई तेस्रो स्थान प्राप्त भयो। १७ वर्षमुनि पुरुषमा दिपेश गुरुङ र महिलामा मोनिका रम्तेलले काशय पदक पाए। ४० वर्षको उमेरसमूहमा पुरुषतर्फ सुरज श्रेष्ठ र महिलामा रेशमाया गुरुङले काश्य पदक हात पारे भने ५० वर्षको इभेन्टमा मधुसुदन सापकोटा र पर्शुनाराण बाहेरा काश्यमा सीमित भए। ६० वर्ष उमेरसमूहमा फणिन्द्र खड्काले रजत हासिल गरे।

डेइडो, युएसए, एभरेष्ट तेक्वान्दो संघ र युनिभर्सल युनाइटेड नेप्लिज तेक्वान्दो फेडेरेसन (युयुएनटीएफ) को सहयोगमा भइरहेको प्रतियोगतामा पठाइएको श्रब्यदृष्यलाई विश्व तेक्वान्दो महासंघबाट मान्यता प्राप्त निर्णायक प्यानलले मूल्यांकन गरी नतिजा सार्वजनिक गरिएको हो। नेपालबाट अशोक खड्काले निर्णायकको भूमिका निर्वाह गरेका थिए।

आईओएफटीसीको मुख्य प्रतियोगिता अन्तर्राष्ट्रिय खुला मैत्री तेक्वान्दो च्याम्पियनसिप कोरोनाले स्थगित भएपछि खेलाडीहरुको मनोबल कायम राख्ने उद्देश्यले प्रतियोगिा आयोजना गरिएको आइओएफटिसीका संस्थापक एवं प्रतियोगिता निर्देशक दिवाकर महर्जनले जनाएका छन्। १३ औं संस्करण अमेरिकाको मिचिगनमा यसै वर्षको मे १ र २ तारिखमा हुने तालिका थियो।

# फ्रान्सेली विदेशमन्त्री लेबनानमा

**बेरुत, एएफपी-** फ्रान्सका विदेशमन्त्री जाँ-येभ्स ली ड्रायन संकटग्रस्त मुलुक लेबनानको दुई दिने भ्रमणका लागि बिहीबार बेरुत पुगेका छन्। विदेशमन्त्री ड्रायनले लेबनानका राष्ट्रपति मिसेल आउनसहित प्रधानमन्त्री हस्सन डायब र सभामुख नबिह बेरीसमेतका उच्चपदस्थ व्यक्तिसँग द्विपक्षीय विषयमा छलफल गर्ने छन्।

फ्रान्सेली दूतावासले जारी गरेको वक्तव्यमा लेबनानका समकक्षी नस्सिफ हिट्टीसँग भेटवार्ता गरिसकेपछि संयुक्त वक्तव्य जारी गरिने उल्लेख छ।



लेबनानमा दशकौंपछि पहिलो पटक अत्यन्त गहिरो आर्थिक सङ्कट उत्पन्न हुनुका साथै लेबनानी मुद्राको व्यापक अबमूल्यन भएको छ। मुद्रास्फितीको अवस्था सिर्जना भएसँगै लेबनानका आधाभन्दा बढी मानिस गरिबीको स्थितिमा पुगेका छन्।

मुलुकको अर्थतन्त्रमा व्यापक मन्दी छाएपछि गत अक्टोबरदेखि नै सरकार विरोधी प्रदर्शन जारी छन्। प्रदर्शनकारीले लेबनान सरकार अक्षम र भ्रष्ट रहेको आरोप लगाएका छन्। यहाँ हजारौं व्यक्तिले रोजगारी गुमाइसकेका छन्।

गत मार्चमा पहिलो पटक संकटग्रस्त घोषणा गरिएको लेबनानले दुई महिना पहिले अन्तरराष्ट्रिय मुद्राकोषसँग अर्बौं डलरको आर्थिक सहायताका लागि वार्ता शुरु गरेको थियो, तर अहिले उक्त मध्यस्थता वार्ता रोकिएको छ।

यसै महिनाको शुरुमा फ्रान्सेली विदेशमन्त्री ड्रायनले विदेशी आर्थिक सहायता प्राप्त गर्नुअघि गर्नुपर्ने सुधारका कार्यमा लेबनानले प्रतिबद्धता कमजोर रहेको भन्दै चिन्ता व्यक्त गरे।

लेबनान सरकारले आफूलाई २० अर्ब डलरभन्दा बढी विदेशी आर्थिक सहायता जरुरी रहेको बताउँदै आएको छ।

उक्त रकममध्ये सन् २०१८ मा सम्पन्न पेरिस बैठकमा व्यक्त ११ अर्ब डलरको आर्थिक सहायतासमेत रहेको छ, तर लेबनानले सुधारका कार्यमा प्रगति गर्न नसकेपछि प्रतिबद्धता त्यत्तिकै थन्किएको छ।

# अमेरिकी नागरिकलाई मास्क लगाउन निर्देशन

**वासिङ्टन, एजेन्सी-** अमेरिकी सरकारले आफ्ना नागरिकलाई घर बाहिर निस्किँदा अनिवार्यरुपमा मास्क लगाउन निर्देशन दिएको छ।

न्युयोर्कका मेयर मुरेल बोसरले बुधबार एक कार्यकारी आदेश जारी गर्दै न्युयोर्कका बासिन्दादाई घरबाट बाहिर निस्किँदा मास्क लगाउन भनेका हुन्।




यसअघि पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना नागरिकलाई अनिवार्य मास्क प्रयोग गर्ने आदेश दिन नसक्ने बताएका थिए। अमेरिकाका सङ्क्रामक रोग विशेषज्ञले अमेरिकी राज्य र स्थानीय सरकारका नेतासमक्ष नागरिकलाई मास्क प्रयोग गर्नुपर्ने आदेश दिन माग गरेका थिए। उनीहरुको यो प्रयासपछि न्युयोर्कका मेयरको यो आदेश आएको बताइएको छ।

मेयर बोसरले बुधबार एक प्रेस सम्मेलनमा भने, खासमा कुरा के हो यो भने हामीले नागरिकलाई भनेका छौँ कि यदि तपाइँ घरबाहिर निस्किँदै हुनुहुन्छ भने अनिवार्यरुपमा मास्क लगाएर निकिस्कनुहोस भनेर हामीले अनुरोध गरेका हौँ।

कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि सामाजिक दूरीको पालना र मास्कको प्रयोगमा न्युयोर्कका मेयरले जोड दिदै आएका छन्। अमेरिकामा मास्क प्रयोग गर्ने विषय शुरुदेखि नै एक प्रकारको राजनीतिक मुद्दा बनेको छ। मास्क प्रयोग र सामाजिक दूरी कायम गर्नुपर्ने कुरामा त्यहाँ विभाजन देखिदै आएको छ।

समाचारमा भनिएको छ मास्क प्रयोगका विषयमा अमेरिकामा मतको विभाजन देखिएको भए पनि विश्वका अधिकांश स्वास्थ्य विज्ञले भने कोरोना भाइरसको रोकथाममा मास्कको प्रयोग र सामाजिक दूरीको पालना प्रभावकारी हुने सुझाव दिइ आएका छन्।

अमेरिकामा कोरोनाबाट विश्वका अरु देशभन्दा सबैभन्दा बढी मानिस प्रभावित भएका छन्। हाल अमेरिकामा मात्र ४१ लाखभन्दा बढी कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख ४६ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

# कोरियामा २० वर्ष यताकै सबैभन्दा कम आर्थिक वृद्धि



**सियोल, एएफपी-** दक्षिण कोरियाको अर्थतन्त्र चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा २० वर्ष यताकै सबैभन्दा कम आर्थिक वृद्धि भएको केन्द्रीय बैंकले बिहीबार जनाएको छ। कोरोनाभाइरसका कारण निर्यात घटेसँगै अर्थतन्त्रमा ठूलो क्षति पुगेको हो।

एसियाको चौथो ठूलो अर्थतन्त्र रहेको कोरियाको अर्थतन्त्र अप्रिल-जुन अवधिमा अघिल्लो वर्षको तुलनामा २.९ प्रतिशतले खुम्चिएको छ। यसअघि एसियाली आर्थिक संकटको परिणामस्वरुप सन् १९९८ को चौथो त्रैमासिकमा करिब ३.८ प्रतिशतले कोरियाली अर्थतन्त्र खुम्चिएको थियो।

साथै त्रैमासिक विवरणअनुसार यसै वर्ष पनि ३.३ प्रतिशतका दरले अर्थतन्त्र खुम्चिएको छ। यस्तो अवस्था पनि विगत २० वर्षयता पहिलो पटक देखा परेको हो।

दक्षिण कोरियामा चीनको मुख्य भू-भागपछि पहिलो पटक कोरोनाभाइरस देखा परेको थियो तर कोरियाले बाध्यकारी लकडाउन कहिल्यै लगाएन, तर सामाजिक दूरी र मास्क लगाउने कार्यलाई बढावा दिनुका साथै स्वास्थ्य परीक्षणलाई व्यापक बनाएको थियो।

कोरोनाभाइरस नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गरे पनि कोरियाली अर्थतन्त्रलाई विश्व परिदृश्यले असर पारेको देखिएको छ।

कोरियाको अर्थतन्त्र मुख्यरुपमा व्यापार-निर्भर रहेको छ। दोस्रो त्रैमासिक अवधिमा कोरियाको निर्यात व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा १३.६ प्रतिशतले घटेको छ। बैंक अफ जापानका अनुसार कोरियाबाट मोटर र कोइला एवं पेट्रोलियम उत्पादनहरुको निर्यात घटेकाले पनि अर्थतन्त्रमा असर परेको हो।

गत मे महिनामा बैंकले गरेको प्रक्षेपणमा सन् २०२० मा कोरियाली अर्थतन्त्र ०.२ प्रतिशतले खस्कने उल्लेख थियो।

अन्तरराष्ट्रिय मुद्राकोषले गत महिना दक्षिण कोरियाको वृद्धि प्रक्षेपणलाई घटाउँदै यस वर्ष वृद्धिदर २.१ प्रतिशत रहने जनाएको थियो।

विश्वका समुन्नत मुलुकको अर्थतन्त्र भने झण्डै आठ प्रतिशतले खुम्चने मुद्राकोषको अनुमान छ।

# भारतमा एकै दिन ४५ हजार बढी संक्रमित थपिए



**नयाँ दिल्ली, एएनआई-** भारतमा सरकारी अधिकारीले बिहीबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ४५ हजार ७२० जना कोरोना भाइरस सङ्क्रमित थपिएका छन्।

योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएकाको संख्या १२ लाख ३८ हजार ६३५ पुगेको अधिकारीले जनाएका छन्।

कोरोना भाइरस सङ्क्रमणको कारण एकैदिनमा एक हजार १२९ जनाको मृत्यु भएको केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। त्यसैसँगै भारतमा कोरोनाकै कारण मृत्यु भएकाको संख्या अहिलेसम्म २९ हजार ८६१ पुगेको अधिकारीले जानकारी दिएका छन्।

भारतमा अहिले पनि चार लाख २६ हजार १६७ जना सङ्क्रमित अवस्थामै रहेका छन् भने सात लाख ८२ हजार ६०६ जना सङ्क्रमणमुक्त भएका छन्।

कोरोनाबाट भारतमा सवैभन्दा धेरै प्रभावित भएको महाराष्ट्र राज्यमा तीन लाख ३७ हजार ६०७ जना सङ्क्रमित भएका छन्।

त्यसपछि तमिलनाडुमा एक लाख ८६ हजार ४९२ सङ्क्रमित रहेका छन्। राजधानीसमेत रहेको दिल्ली प्रदेशमा एक लाख २६ हजार ३२३ कोरोना भाइरस सङ्क्रमित रहेका छन्। त्यसपछि आन्ध्र प्रदेश, कर्नाटका र तेलङ्गानामा कोरोना भाइरस सङ्क्रमित अरु राज्यको तुलनामा बढी नै रहेको छ।

# चीनद्वारा महत्वाकांक्षी मङ्गल यान प्रक्षेपण



**वेनचाङ, एएफपी-**अन्तरिक्ष विज्ञानमा निरन्तर फड्को मारिरहेको चीनले बिहीबार पृथ्वीबाट सबैभन्दा नजिकको मङ्गलग्रहको अध्ययन गर्न एउटा अन्तरिक्ष यान प्रक्षेपण गरेको छ।

संयुक्तराज्य अमेरिकाले पनि मङ्गलग्रहको अध्ययनका लागि आगामी जुलाई ३० मा अर्को अन्तरिक्ष यान प्रक्षेपण गर्ने योजना बनाएको छ। दुबै मुलुकबीच अथाह खगोलीय पिण्डको खोजीमा अहिले प्रतिस्पर्धाकै स्थिति उत्पन्न भएको छ।

चीनले आफ्नो मङ्गल अभियानलाई तियानवेन-१ "स्वर्गको जिज्ञासा" राखेको छ।

चीनको हेनान प्रान्तबाट प्रक्षेपण गरिएको यस यानलाई चीनको लङ मार्च ५ बाट प्रक्षेपण गरिएको थियो। प्रक्षेपण सफलतापूर्वक सम्पन्न भएको भन्दै इन्जिनियर र अरु कर्मचारीले खुशीयाली साटासाट गरेका थिए।

साइट कमान्डर झाङ झुयुले राज्य सञ्चालित सिसिटिभी टेलिभिजनबाट प्रक्षेपण अभियान सफल भएको घोषणा गरेका थिए। पाँच टन वजनको तियानवेन-१ करिब सात महिनापछि फेब्रुअरी २०२१ मा पाँच करोड ५० लाख किलोमिटरको यात्रा गरेर पृथ्वीमा फर्कने छ। यस मिसनमा एउटा मार्स अर्बिटर, एउटा ल्यान्डर र एउटा रोभर रहेको छ। यी उपकरणको मद्दतबाट मङ्गल ग्रहको माटोको अध्ययन गरिने चिनियाँ वैज्ञानिकले बताएका छन्।

हार्वर्ड-स्मिथसोनियन सेन्टरका अन्तरिक्षयात्री जोनाथन म्याडावेलले चीनले पहिलो पटक गरेको यस प्रयासबाट ठूलै उपलब्धि हासिल भइहाल्नेमा अहिल्यै आशावादी हुन नसकिने बताउनुभयो। उहाँले अमेरिकाले पनि यस्तो परीक्षण पहिल्यै गरिसकेको बताउनुभयो।

मङ्गल खोज अभियानमा अरु पनि मुलुक सहभागी हुन थालेका छन्। संयुक्त अरब इमिरेट्स (युएइ)ले पनि गत सोमबार एउटा यान जापानबाट प्रक्षेपण गरेको छ।

हेर्नलायक मुख्य प्रतिस्पर्धा चीन र संयुक्तराज्य अमेरिकाबीच नै हुनेछ। चीनले पछिल्ला वर्षमा अन्तरिक्ष खोजमा अमेरिकाको बर्चश्व समाप्त गर्ने प्रयासस्वरुप व्यापक अभियान सञ्चालन गरिरहेको छ। अमेरिकी अन्तरिक्ष अन्वेषण केन्द्र नासाले सन् १९९० को अन्त्यदेखि मङ्गल ग्रहमा चारवटा रोभर यन्त्र पठाइसकेको छ।

नासाले सन् २०३१ सम्ममा मङ्गल ग्रहबाट ढुंगा र बालुवाका नमुना सङ्कलन गरेर पृथ्वीमा ल्याउने लक्ष लिएको छ। अन्तरिक्षयात्री म्याडावेलले चीनको तियानवेन-१ मिसन नासाले सन् १९७५-७६ मा प्रक्षेपण गरेको भाइकिङ समानको मात्र रहेको पनि बताए।

सन् १९६० देखि शुरु भएका मङ्गल ग्रह अभियानमा हालसम्म अमेरिका, रसिया, युरोप, जापान र भारत सामेल भइसके पनि अधिकांश यी अभियान असफल भएका छन्।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६२/०९/२९ मा दर्ता भएको **प्रा.लि. नं. ३७८७४** को **वि. एण्ड वि. ईमाजिन सेन्टर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७७/०४/०९

यस कम्पनीको मिति २०७७/०२/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रतिष्ठा किल्लिङ एण्ड सर्भिसेज प्रा.लि. (प्रा.लि.नं. १३१८०६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **प्रतिष्ठा सर्भिसेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०४/०९

यस कम्पनीको मिति २०७७/०३/१५ मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि. आई. एण्ड स्टील इण्डष्ट्रीज प्रा.लि. (प्रा.लि.नं. १३५१११)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्मार्ट सिलीङ्ग इण्डष्ट्रिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७७/०३/०१ गते गोगंबुको फेसबुक देहरीसाँझमा पार्किङ गरेर राखेको तपशिल बमोजिमको व्यहोरा भएको मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने व्यक्तिले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु।

**मोटरसाइकल नं.** : **बा. ९६ प. १५३२**
**रंग** : **(रातो/कालो)** Black & Red
**सवारी मोडल** : 220CC **पल्सर (बजाज)**
**सवारी धनीको नाम**: **जेनिस तामाङ**
**च्यासीस नं.** : MD2A13EY5JCB40513
**इन्जीन नं.** : Dkycjb-40221
**सम्पर्क** : **९८४१५४११८४**

**म्यानपावर तु-विक्रिमा**

**चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको, २०७८ असार मसान्तसम्म नवकिरण भएको, मेनपावर अफिससहित विक्रिमा भएकाले लिन ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला।**

**मुल्य रु. ८०,००,०००/- (अक्षरेपी रुपैया असी लाख मात्र) अफिस सहित**

**सम्पर्क : ९८०८९८८६६२**

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.** (श्रम इजाजत पत्र नं. १०३४/०७२/७३) मा श्रम एकाउटेन्ट पदमा कार्यरत बालाजु, काठमाडौं स्थायी ठेगाना भएको **अप्सरा आचार्य**लाई मिति २०७६/०९/१८ गतेदेखि यस प्रा.ली. बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। निज आचार्यसंग यस प्रा.लि को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न र नगराउन हुन यसै सार्वजनिक सूचना मार्फत सुचित गरिन्छ। यदि कुनै पनि काम जो कोहिले गरे गराएमा यो कम्पनी जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
Tel: 4385294, 4385295, Email: info.royal1034@Gmail.com

**इगल हन्टर इन्टरनेशनल प्लेसमेण्ट प्रा.लि.को नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७७/०४/०९

यस कम्पनीको मिति २०७६।१।१५ गते सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनीको साविक नाम इगल हन्टर इन्टरनेशनल प्लेसमेण्ट प्रा.लि. बाट परिवर्तन गरी वृंदित सर्भिसेज प्रा.लि. कायम गर्ने निर्णय भए बमोजिम सम्पूर्ण चल, अचल सम्पती तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६।२।१५ को निर्णयानुसार नाम परिवर्तन भई आएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Regd. No. 232466/076/077 मुना कृषि लिमिटेड munaa (Mutual Undertaking between NRNs & Agriculture Authority)

**मुना कृषि लिमिटेड**
ईमेलः munaakrishiltd@gmail.com
बेभसाईटः www.munaa.com.np

**संस्थापकलाई शेयर वापतको रकम दाखिल गर्ने सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०४/०५ गते (आर्थिक दैनिक)
दोस्रो पटक प्रकाशित मिति २०७७/०४/०७ गते (आर्थिक अभियान दैनिक)


यस कम्पनीको संस्थापना गर्दा यहाँले शेयर वापत लगानी गर्न कबुल गर्नु भएको शेयर वापत प्रति शेयर रु. ३०/- ले यस कप्पनीको नाममा कृषि विकास बैंक लिमिटेडमा रहेको खाता नं. ०१-००२-०१५७३२५९-०१-१ मा जम्मा गरी सोको भौचर यस कम्पनीको रजिष्टर्ड कार्यालयमा यो सूचना प्रकाशन भएको ९० (नब्बे) दिनभित्र उपलब्ध गराईदिन हुन कम्पनी ऐन, २०६३ को दफा ५३(३) एवं संचालक समितिको मिति २०७७/०३/३१ को निर्णयानुसार अनुरोध गर्दछौं। उक्त अवधि भित्र समेत यहाँले रकम जम्मा नगर्नु भएमा यहाँले यस कम्पनीमा कबुल गर्नु भएको शेयर जफत हुने समेत जानकारी गराउँदछौं।

### गत आर्थिक वर्ष नेपालको आर्थिक वृद्धिदर १.८ प्रतिशतमा सीमित

# चालु आ.व.मा लय समात्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन

विश्व बैंकले गत आर्थिक बर्ष नेपालको आर्थिक वृद्धिदर जम्मा १ दशमलव ८ प्रतिशतमा सीमित हुने बताएको छ । बिहीबार आयोजित भिडियो कन्फ्रेन्समार्फत सार्वजनिक गरिएको नेपाल डेभलपमेन्ट अपडेट २०२० मा गत बर्ष नेपालको आर्थिक वृद्धिदर खुम्चिएर १ दशमलव ८ प्रतिशतमा पुग्ने उल्लेख छ । विश्व बैंकले यसअघि नेपालको आर्थिक वृद्धिदर १ दशमलव ५ देखि दुई दशमलत ८ प्रतिशतको बीचमा रहने दाबी गरेको थियो । विश्वभर फैलिएको कोरोना भाइरसको महामारीका कारण नेपालको अर्थतन्त्रमा ठूलो प्रभाव पारेकाले आर्थिक वृद्धिदरमा ठूलो गिरावट आएको विश्व बैंकले जारी गरेको प्रतिवेदनमा उल्लेख छ ।




केन्द्रीय तथ्यांक विभागले आर्थिक वर्ष २०७६र७७ मा २ दशमलव ३ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने प्रक्षेपण गरेको छ ।

नेपालले २०७२ सालको भूकम्प पछिका आर्थिक वर्षमा औसतमा साढे ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्दै आएको थियो, तर कोरोनाका कारण गएको आर्थिक वर्ष भने नेपालको आर्थिक वृद्धिदर दुई दशमलव ३ प्रतिशतमा झर्ने सरकारले जनाएको छ । प्रतिवेदन सार्वजनिक कार्यक्रममा अर्थमन्त्री डाक्टर युवराज खतिवडाले कोरोना भाइरस, सलहको प्रकोप, प्राकृतिक प्रकोप लगायतका समस्याका कारण नेपालको आर्थिक वृद्धिदर खुम्चिएको जानकारी दिए ।

तर चालू आवमा भने ७ प्रतिशतको आर्थिक वृद्धिदर हुने उनको दाबी छ। यस्तै उनले अर्थतन्त्रले अब पुरानै गति समात्ने दावी गरेका छन् । भिडियो कन्फ्रेनसमा बोल्दै उनले कोभिड-१९ महामारीपछि नेपाली अर्थतन्त्र विस्तारै सामान्य लयमा फर्किने क्रममा रहेको बताए । गत आर्थिक वर्षमा बजेट कार्यान्वयन सन्तोषजनक भएको बताउँदै उनले गत आर्थिक वर्षमा आयात घटेको र निर्यात बढेको बताएका छन् । राजस्व तथा अनुदान संकलनबाट गत वर्षको खर्च धानेर राज्यकोष अहिले नाफामा रहेको पनि उनले बताए । बैंकमा तरलता बढेको छ ।

वैदेशिक मुद्रा सञ्चिती बढेर बाँकी १३ महिनाको वस्तुको आयात धान्न सक्ने अवस्थामा हुनु राम्रो भएको खतिवडाको भनाइ छ । उनले चालु आर्थिक बर्षमा नेपालले ७ प्रतिशतको आर्थिक वृद्धि पुर्याउने दावी गरे । कार्यक्रममा बोल्दै उनले गत आर्थिक बर्ष महामारी र विभिन्न प्राकृतिक प्रकोपका कारण असर गरेपनि अव भने अर्थतन्त्रले लय समात्दै पुरानै अवस्थामा फर्किने बताएका हुन् ।

## उद्योग वाणिज्य महासंघको चुनाव स्थगित




**काठमाडौं/मस–** नेपाल उद्योग वाणिज्य महासंघको महाविधेशन यसअघि तोकिएको समयमा नहुने भएको छ। महासंघको पदाधिकारी र पूर्वअध्यक्षहरुसहितको बैठकले साउन २६ र २७ गतेको लागि तोकिएको निर्वाचन तथा साधारणसभा स्थगित गर्ने निर्णय गरेको हो ।

सरकारले भदौ १ गतेसम्म सभा, सम्मेलन गर्न नपाइने भनेकाले महासंघले पनि आफ्नो ५४ औं वार्षिक साधारणसभा सारेको हो। सरकारले गोष्ठी, सभा सम्मेलन खुलाएको १५ दिनसम्ममा निर्वाचन गर्ने निर्णय बैठकले गरेको हो। मिति भने बैठकले तय गरेको छैन ।

गत चैत २८ र २९ गते हुनुपर्ने महासंघको साधारणसभा लकडाउनका कारण सर्दै आएको छ । पछिल्लोपटक महासंघको कार्यकारिणी समिति बैठकले साउन २६ र २७ गते राजधानीमा गर्ने निर्णय गरेको थियो । योसँगै महासंघको ५४ औं साधारण सभा तेस्रो पटकको लागि तोकिएको मितिमा नहुने भएको हो ।

यद्यपि साधारणसभा स्थगित गर्ने विषयमा वरिष्ठ उपाध्यक्षका उम्मेदवार तथा हालका कार्यसमितिका उपाध्यक्ष चन्द्र ढकाल पक्षको असहमति रहेको बताइन्छ । तर, अध्यक्ष, वरिष्ठ उपाध्यक्ष लगायत बहुमत पदाधिकारीले चुनाव स्थगित गर्ने पक्षमा देखिएपछि महासंघले यस्तो निर्णय गरेको हो ।

## नेपाल टेलिकमको सिमको आयु बढाउने तरिका

**काठमाडौं/मस**-टेलिकमद्वारा प्रदान गरिएका जीएसएम प्रिपेड तथा पोस्टपेड सेवाका सिमकार्डमा थप गरिएको रकम अनुसार प्रयोग गर्न सकिने समयावधि समेत थपिदै जान्छ। त्यस्तै विदेशबाट पनि सेवाको ब्यालेन्स थप गर्न सकिन्छ। कम्पनीले उपलब्ध गराउने नयाँ प्रिपेड सिमकार्ड प्राप्त भएपश्चात सेवा शुरु गर्न १४१५ मा डायल गरी वा स्टार १४१५ ह्यासमा डायल गरी विकल्पहरु छनौट गर्नुपर्दछ । नयाँ सिमको सेवा प्रयोग गर्न सकिने अवधि १८० दिन हुने भएकाले सिम एक्टीभेट गरेपश्चात् सो अवधिसम्म टपअप नगरेपनि उक्त सिमकार्ड प्रयोग गर्न सकिन्छ। प्रिपेड सिमकार्डमा ५० रुपैयाँ टपअप गर्दा ३० दिन, १ सय रुपैयाँ टपअप गर्दा ६० दिन, ५ सय रुपैयाँ टपअप गर्दा एक वर्ष र १ हजार रुपैयाँ टपअप गर्दा अधिकतम दुई वर्ष सिम प्रयोग गर्न सकिने अवधि थपिन्छ। न्यूनतम रकम (अर्थात् एक पैसा पनि बाँकी) नभएको वा सिम प्रयोग अवधि समाप्त भएको अवस्थामा प्रिपेड सिमकार्ड तत्काल एकतर्फी (आगमन मात्र हुने, बाह्यगमन नहुने) हुन्छ । सेवा एकतर्फी मात्र भएको ३० दिनभित्र उक्त सिमकार्ड टपअप गरिएन भने दुईतर्फी (आगमन र बाह्यगमन) सेवा पूरै बन्द हुन्छ। दुईतर्फी सेवा बन्द भएको ३० दिनभित्र रिचार्ज नभएमा सिम फ्रोजन अवस्थामा पुग्छ। फ्रोजन अवस्थामा पुगेपछि उक्त सिममा रहेको सञ्चित रकम र सिम प्रयोग गर्ने अवधि दुवै शून्य हुन्छ । कुनै सिमकार्डमा सञ्चित रकम भएतापनि सिम प्रयोग गर्न सकिने अवधि समाप्त भएमा उक्त सिमकार्ड दुईतर्फी सेवा बन्द हुने अवस्थामा पुग्छ । यसरी दुईतर्फी सेवा बन्द भएको सिमकार्ड ३० दिनभित्र टपअप गरिएमा टपअप गरिएको रकममा पुरानो सञ्चित रकम जोडिएर आउँछ । तर सिम प्रयोग गर्न सकिने अवधि भने नयाँ टपअप गरिएको रकम अनुसार मात्र थप हुन्छ। कुनै सिम कार्ड फ्रोजनमा गएपछि कम्पनीले आवश्यकता अनुसार कुनैपनि समयमा रिसाईकल गरी नयाँ ग्राहकलाई उपलब्ध गराउन सक्दछ । सेवा प्रयोग गरेवापत ग्राहकले कम्पनीलाई बुझाउन बाँकी रकम उक्त मोबाइलको क्रेडिट लिमिटभन्दा बढी भएमा सेवा एकतर्फी (आगमन मात्र हुने, बाह्यगमन नहुने) हुन्छ । यस्तो एकतर्फी सेवा ९० दिनसम्म रहन सक्दछ र सिम एकतर्फी भएको अर्को महिनादेखि बिल उठ्दैन। नब्बे दिनसम्म पनि बाँकी रकम भुक्तानी गरिएन भने दुईतर्फी (आगमन र बाह्यगमन) सेवा बन्द हुन्छ र सिम फ्रोजनमा जान्छ । फ्रोजनमा रहेको ९० दिनभित्रमै सेवा सुचारु गर्न बाँकी महशुल भुक्तानी गरी नजिकको दुरसञ्चार कार्यालयमा गई (वा फोन/इमेलमार्फत) जानकारी गराउनु पर्छ । उक्त ९० दिनभित्र भुक्तानी नगरेमा सिम स्थायी रुपमा बन्द हुन्छ । ग्राहकको सिम बन्द भएको अवस्थामा पुगेपछि ग्राहकले सोही सिम प्राप्त गरी प्रयोग गर्न चाहेमा १८० दिनभित्र ५ सय ६० रुपैयाँ रिकनेक्सन चार्ज भुक्तानी गरी सोही सिम नम्बर प्राप्त गर्न सकिन्छ। सिम बन्द भएको १८० दिन पश्चात कम्पनीले सिम रिसाईकल गर्नसक्ने भएकाले अन्य साधारण सिम सरह नै कुनै पनि ग्राहकलाई नियमानुसारको रकममा उक्त सिम बिक्री/वितरण गर्न सक्दछ। विदेश जाँदा सँगै लगेको प्रिप्ड, पोस्टपेड सिम अनलाईन बैंकिङ भुक्तानी सेवा प्रदायक आदि मार्फत विदेशबाटै टपअप गरी सिम प्रयोग गर्न सकिने अवधि थप गर्न सकिन्छ । यसरी अवधि थप गर्दै सुचारु अवस्थामा राखिएका सिमकार्ड स्वदेश आउनासाथ सहज रुपमा प्रयोगमा ल्याउन सकिन्छ ।

## मौद्रिक नीतिमा हस्तकला व्यवसायीका माग सम्बोधन

नेपाल हस्तकला महासंघ
FEDERATION OF HANDICRAFT ASSOCIATIONS OF NEPAL

**काठमाडौं/मस-** वार्षिक रु २० अर्ब हाराहारीमा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउँदै आएको हस्तकला व्यवसायलाई आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिले सम्बोधन गरेको छ । विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसका कारण धरासायी बनेको हस्तकला व्यवसायलाई मौद्रिक नीतिले थोरै भएपनि सम्बोधन गरेको नेपाल हस्तकला महासङ्घले जनाएको छ ।

महासङ्घका निमित्त महानिर्देशक ऋषिराज सुवेदी आर्थिक वर्ष २०७७/७८ को बजेटमा गरिएका व्यवस्था कार्यान्वयन गर्न सहयोगी भूमिका खेल्ने गरी व्यवहारिक विषयवस्तुलाई समेत सम्बोधन गरी मौद्रिक नीति जारी हुनु स्वागतयोग्य कदम भएको बताउँछन् । "कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्न घरेलु तथा साना उद्योगलाई सहुलियतपूर्ण ब्याजमा कर्जा व्यवस्था गरिनु, असारसम्म भुक्तानी अवधि भएका डिमान्ड लोन, क्यास क्रेडिट आगामी पुस मसान्तसम्म भुक्तानी गर्न सक्ने व्यवस्था गर्नु, कोभिड-१९ बाट कम, मध्यम र अति प्रभावित भएको पेशा/व्यवसायमा प्रवाह भएका कर्जाको असार मसान्तसम्मको साँवाको किस्ता र ब्याज रकमलाई पुस मसान्तसम्म भुक्तानी गर्ने व्यवस्था मिलाउनु व्यवहारिक छ", उनले भने ।

निर्यातकर्ताको निकासी अर्डर रद्द भएको र उत्पादित सामान बिक्री हुन नसकी मौज्दात रहेको अवस्थामा उद्यमी व्यवसायीलाई मौद्रिक नीतिले राहत पुगेको महासङ्घले जनाएको छ । विदेशी मुद्रा प्राप्त भएपछि नेपाली निर्यातकर्ताको नाममा अग्रिम भुक्तानीको प्रमाणपत्र जारी गरिसक्नुपर्ने समयसीमा एक महिनाबाट बढाएर चार महिना कायम गर्ने व्यवस्था सकारात्मक रहेको निमित्त महानिर्देशक सुवेदी बताउँछन् ।

महासङ्घले नेपाली निर्यातकर्ताले सम्बन्धित निकायको स्वीकृति लिई विदेशमा विभिन्न प्रदर्शनी, व्यापारमेला आदिमा नेपाली वस्तु बिक्री गरेवापत प्राप्त नगद विदेशी मुद्रा नेपालस्थित बैंक तथा वित्तीय संस्थामा रहेको निर्यातकर्ताको विदेशी मुद्रा खातामा समेत जम्मा गर्न सकिने व्यवस्था राम्रो भएको बताएको छ ।

## एभरेष्ट बैंकको चाडपर्व विशेष कर्जा सुविधा सार्वजनिक

काठमाडौं/मस-एभरेष्ट बैंकले ग्राहकहरुको आवश्यकतालाई ध्यानमा राख्दै 'चाडपर्वविशेष कर्जा योजना'ल्याएको छ। यस अन्तर्गत सबै क्षेत्रलाई समेट्दै, घर भाडा भन्दा सस्तो 'घर कर्जा', स्वरोजगार तथा उद्यमीको लागी 'साना तथामझौला उद्योग कर्जा', आफ्नै सवारी साधनको लागि 'गाडी तथा मोटरसाइकल कर्जा', तथा व्यक्तिगत प्रयोजनको लागि 'व्यक्तिगत कर्जा', योजना ल्याएको छ ।

यहि आउदो श्रावण १५ देखि कार्तिक १४ सम्म लागु हुने यस कर्जा योजनामा घर कर्जा ८.२५५, साना तथा मझौला उद्योग कर्जा ८.२५५, गाडी कर्जा ९.५५५, मोटरसाइकल कर्जा १०.५५५ तथा व्यक्तिगत कर्जा ९.५५५ ब्याजदरमा उपलब्ध हुनेछ । यस चाडपर्व विशेष कर्जा योजनामा प्रशासनिक शुल्क ०।५०५ मात्र हुने साथै अन्य बैंक तथा वित्तीय संस्थाबाट लोन स्वाप गर्दा सेवाशुल्कमा अतिरिक्त छुट हुनेछ । यस योजनामा सहभागी हुने ग्राहकहरुलाई क्रेडिट कार्ड लिदा ५०.००५ छुट समेत उपलब्ध हुनेछ। यस कर्जा योजनाबाट ग्राहकहरुलाई भरपुर फाइदा पुग्ने तथा आउँदै गरेको चाडपर्वहरुमा थप खुसियाली थपिने छ भन्ने बैंकले विश्वास लिएको छ । स्थापना कालदेखि नै ग्राहाकहरुको पहिलो रोजाइको यस बैंकमा हालसम्म ११ लाखभन्दा बढी सन्तुष्ट ग्राहकहरु रहेका छन् तथा देशैभरि छरिएर रहेको आफ्नो ९५ शाखा संजाल, प्रादेशिक कार्यालय , १२४ एटीएम बुथ सहित अत्याधुनिक मोबाइल र इन्टरनेट बैंकिंग सुबिधा प्रदान गर्दै आइरहेको छ ।

## गुल्मीका स्थानीय तहमा साढे २३ करोड बेरुजु

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ८ साउन

गुल्मीका स्थानीय तहमा साढे २३ करोड बेरुजु देखिएको छ । जिल्लाका १२ वटा स्थानीय तहमा साढे २३ करोड बेरुजु देखिएको हो । आर्थिक बर्ष २०७५/०७६ मा जिल्लामा कुल २३ करोड ५१ लाख १३ हजार बेरुजु देखिएको महालेखा परीक्षकको बार्षिक प्रतिवेदनमा उल्लेख छ । दुई नगरपालिका र १० गाउँपालिका गरी १२ स्थानीय तह रहेको गुल्मीमा सो परीमाणको बेरुजु देखिएको हो । 'आ.व. २०७४/०७५ मा भन्दा २०७५/०७६ मा गुल्मीमा १० करोड ७५ लाख ९९ हजार बढी बेरुजु देखिएको छ । आ.व. २०७४/०७५ मा जिल्लामा कुल १२ करोड ७५ लाख १४ हजार बेरुजु देखिएको थियो ।' कोष तथा लेखा नियन्त्रण कार्यालय गुल्मीले भन्यो ।

मुसिकोट नगरपालिकाले कुल एक अर्ब ९३ लाख १९ हजारको लेखापरीक्षण गराएकोमा कुल चार करोड ५४ लाख ८८ हजार बेरुजु आएको छ । जुन कुल रकमको ४.५१ प्रतिशत हो । चन्द्रकोट गाउँपालिकामा कुल ७८ करोड नौ लाख ९४ हजारको लेखापरीक्षण गराएकोमा चार करोड १४ लाख ९० हजार बेरुजु देखिएको छ। जुन कुल लेखापरीक्षण गराएको रकमको ५.३१ प्रतिशत हुन आउँछ । चन्द्रकोटमा आ.व. २०७४/०७५ मा ३५ लाख ९२ हजार बेरुजु देखिएको थियो ।

सत्यवती गाउँपालिकामा दुई करोड ६८ लाख ४८ हजार बेरुजु देखिएको छ । यहा' लेखापरीक्षण गराएको कुल रकममध्ये ३.३१ प्रतिशत रकम बेरुजु देखिएको छ । कुल ७१ करोड आठ लाख ९० हजारको लेखापरीक्षण गराएको कालिगण्डकी गाउँपालिकामा दुई करोड ५२ लाख १२ हजार बेरुजु देखिएको छ । छत्रकोट गाउँपालिकामा दुई करोड ९३ लाख २३ हजार बेरुजु देखिएको छ । छत्रकोटले लेखापरीक्षण गराएको कुल रकमको ३.७१ प्रतिशत रकम बेरुजु देखिएको हो ।

गुल्मीदरबार गाउँपालिकामा एक करोड ७७ लाख ५३ हजार बेरुजु देखिएको छ। गाउँपालिकामा कुल रकमको २.५२ प्रतिशत रकम बेरुजु देखिएको हो। कुल एक अर्व नौ करोड १६ लाख ६६ हजारको लेखा परीक्षण गराएको रेसुङ्गा नगरपालिकामा एक करोड २३ लाख छ हजार बेरुजु देखिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ। नगरपालिकामा आ.व. २०७४/०७५ मा एक करोड ७२ लाख २३ हजार बेरुजु देखिएको थियो ।

धुर्कोट गाउँपालिकामा कुल एक करोड एक लाख २१ हजार बेरुजु आएको छ। कुल ७२ करोड ६६ लाख ९९ हजारको परीक्षण गराएको इस्मा गाउँपालिकामा ९३ लाख ११ हजार बेरुजु देखिएको छ। मालिका गाउँपालिकाले ७७ करोड ५६ लाख ४५ हजारको महालेखा परीक्षण गराएको थियो । जसमध्ये ७६ लाख २२ हजार बेरुजु आएको छ । आ.व. २०७४/०७५ मा गाउँपालिकामा कुल तीन करोड ९९ लाख १९ हजार बेरुजु देखिएको थियो । रुरुक्षेत्र गाउँपालिकामा ७१ लाख २३ हजार रकम बेरुजु आएको छ। कुल रकमको ०.९४ प्रतिशत रकम बेरुजु आएको हो । जिल्लको मदाने गाउँपालिकामा ७७ करोड नौ लाख २५ हजारको परीक्षण गरिएकोमा कुल रकमको ०.३३ प्रतिशत अर्थात २५ लाख १६ हजार बेरुजु देखिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ।

जिल्लाका सबै स्थानीय तहहरुमध्ये मुसिकोट नगरपालिकामा सबैभन्दा धेरै बेरुजु देखिएको छ । 'परीक्षणको समयमा सामाजिक सुरक्षा भत्ताको आवश्यक कागजपत्र नपुगेकोले बढी बेरुजु देखिएको हो। बेरुजुलाई अब छिट्टै फछ्र्यौट गर्ने काम भइरहेको छ।' मुसिकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवराज भण्डारीले भने । त्यसपछि चन्द्रकोट गाउँपालिकामा धेरै बेरुजु देखिएको छ । 'पूर्वाधार विकासतर्फको धेरै रकम बेरुजु देखिएको हो ।' गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद भण्डारीले भने । आफुहरुले आर्थिक अनियमितता नगरेपनि विभिन्न कागजपत्रहरु नपुग्दा बेरुजु देखिएको स्थानीय तहका कार्यालय प्रमुखहरुको भनाइ छ ।

'स्थानीय तहका उप-प्रमुखहरुले आफै बजेट विनियोजन गर्ने र आफै अनुगमन गर्ने भएकोले बेरुजु रकम बढ्ने गरेको हो । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सु-शासनका विषयमा गुल्मीका स्थानीय तहले आफुलाई अब्बल नबनाउँदा र स्थानीय तहले आफ्नो काममा पारदर्शिता नदेखाउँदा बेरुजु रकम बढेको हो ।' नागरिक समाज गुल्मीका संयोजक पदम प्रसाद पाण्डेले भने । 'बेरुजु आएको सबै रकम आर्थिक अनियमितता नभई अनियमितताको सुरुवात बेरुजु भएकोले नागरिक समाज चिन्तित बनेको छ । यसमा सबै स्थानीय तहहरु जिम्मेवार हुनुपर्दछ। यसले सुशाासनलाई बाधा पुराउने काम गरेको छ ।' नागरिक समाज संयोजक पाण्डेले भने ।

'स्थानिय तहले गरेका पूर्वाधार विकासतर्फका अधिकांश कामहरु गुणस्तरीय छैनन्, स्थानीय तहका प्रमुखले बजेट भाषण, उपप्रमुखले योजना अनुगमन र प्रमुख प्रशासकीय अधिकृतलाई रकम भुक्तान गर्न बाध्य पारिनुले पनि बेरुजु बढी देखिएको हो ।' नेपाल नागरिक समाज गुल्मीका कोषाध्यक्ष रेशम कुवँरले भने ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**